मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२६ Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : १३० ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ चैत १५ गते आइतवार (Sunday, March 28. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

सूचना

लैङ्गिक हिंसाको अन्त्य,
समृद्ध नेपालको गन्तव्य

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग



**झिलझिलेमा अनौंठो प्रतिमाः** झापाको झिलझिलेमा रहेको वाटर किङ्डम पार्कमा बनाइएको अनौठो आकृति । झट्ट हेर्दा डरलाग्दो देखिने यो प्रतिमा पुरानो मानव सभ्यतालाई झल्काउन खोजिएको जस्तो देखिन्छ । यस प्रतिमाको शिर तिरको भागलाई हेर्दा धामी (झाँक्री) जस्तो लाग्छ तर खुट्टालाई हेर्दा भूतप्रेत पो हो कि भन्ने अनुमान त्यहाँ पुग्नेहरुले गर्ने गरेका छन् ।

**तस्वीरः बिनोद पाण्डे/पूर्वाञ्चल**

### सरकारले भन्यो–

# होली घरमै बसेर मनाउनू

**काठमाडौँ, चैत १४।** कोभिड-१९को जोखिमलाई दृष्टिगत गर्दै नेपाल प्रहरीले होली पर्व मनाउँदा विशेष सावधानी अपनाउन अनुरोध गरेको छ ।

विश्वव्यापी महामारीका रुपमा फैलिएको कोभिड-१९ सङ्क्रमण फैलन सक्ने भएकाले नेपाल सरकारले जारी गरेको निर्देशन र स्वास्थ्य मापदण्डलाई पूर्ण पालना गर्न पनि प्रहरीले विशेष अनुरोध गरेको छ ।

प्रहरीले ७७ वटै जिल्ला प्रहरी कार्यालयलाई आवश्यक निर्देशन दिँदै स्वास्थ्य मापदण्ड पालना गराउन र शान्तिसुरक्षा चुस्त बनाउन आवश्यक निर्देशन दिइसकिएको प्रहरी प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक बसन्तबहादुर कुँवरले जानकारी दिए ।

सरकारले घर-घरमै बसेर होली मनाउन अनुरोध गरिसकेको छ, भीडभाडमा पुगेर समूहगत रुपमा होली नमनाउन भनिसकेको अवस्थामा त्यसलाई कार्यान्वयन गर्न मातहतका सबै प्रहरी कार्यालयलाई निर्देशन दिइएको छ- प्रवक्ता कुँवरले भने । यस वर्ष आइतबार पहाडी क्षेत्रमा र सोमबार तराईमा होली मनाइँदैछ ।





स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले भारत, बेलायत, फ्रान्सलगायत युरोपेली मुलुकमा कोभिड-१९ को सङ्क्रमणको दरमा वृद्धि भएको र नेपालमा पनि प्रभाव पर्न सक्ने भन्दै सावधानी अपनाउन अनुरोध गरिसकेको छ । काठमाडौँ प्रशासनले पनि सङ्क्रमणको जोखिम उच्च रहेको भन्दै होली पर्वलाई आफ्नो घर भित्रै सीमित गरी सामाजिक सांस्कृतिक मर्यादानुसार खेल्न भनेको छ । बाहिर हिँड्दा अनिवार्य मास्क लगाउन, भौतिक दूरी कायम गर्न, सेनिटाइजरको प्रयोग गर्न र स्वास्थ्य मापदण्डलाई पालना गर्न आग्रह गरिएको छ ।

यसरी सार्वजनिक स्थानमा आउँदा जाँदा मास्क प्रयोग नगर्ने र स्वास्थ्य मापदण्डको पालना नगर्नेलाई सङ्क्रामक रोग ऐन २०२० अनुसार कारवाही हुने गृह मन्त्रालयले जनाएको छ । स्वास्थ्य मन्त्रालयले 'होलीमा हूल तथा ठूला जमघटबाट टाढा बसौँ, कोरोना होइन, माया बाँडौँ' भनेर सन्देश प्रवाह गरेको छ ।

यता जिल्ला प्रशासन कार्यालय झापाले सूचना जारी गरी होली तथा नयाँ बर्ष जस्ता पर्वको उपलक्ष्यमा सार्वजनिकस्थलमा भीडभाड नगरी सामान्य रुपले मनाउन आग्रह गरेको छ ।

घर बाहिर तथा सार्वजनिक स्थानमा अनिवार्य रुपमा मास्क, सेनिटाइजरको प्रयोग र सामान्य दूरी कायम गरी स्वास्थ्य मापदण्ड पालना गर्न पनि प्रशासनले भनेको छ । सार्वजनिक स्थानमा आवतजावत गर्दा स्वास्थ्य मापदण्डको पालना नगर्ने तथा मास्कको प्रयोग नगर्ने व्यक्तिलाई कार्वाही गरिने समेत प्रशासनले जनाएको छ ।

कोभिड-१९को संक्रमण बढ्दै गइरहेको र त्यसको प्रभाव झापामा समेत बढ्न सक्ने भएकाले जोखिम न्यूनीकरण गरी बढ्न नदिन सार्वजनिक स्थलमा भीडभाड हुन नदिने तयारीमा प्रहरी प्रशासन जुटेको बुझिएको छ ।

# उपचारको बहानामा यौन दुर्व्यवहार !

**सप्तरी, चैत १४।** शिशु बालिकालाई जचाउँन गएकी २५ वर्षीया महिलालाई यौन दुर्व्यवहार गरेको आरोपमा शुक्रबार प्रहरीले एक चिकित्सकलाई पक्राउ गरेको छ ।

उपचारको बहानामा यौन दुर्व्यवहार गरेको आरोपमा राजविराजस्थित छिन्नमस्ता अस्पतालमा कार्यरत डा. राजन जैसवाललाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक राजेन्द्रप्रसाद धमलाले जानकारी दिए ।

उनका अनुसार सोही अस्पतालमा बुधबार जन्मिएकी नन्दकी छोरीलाई उपचार गराउन पुगेकी महिलासँग अस्पतालकै केबिनमा यौनजन्य दुर्व्यवहार गरेको आरोपमा डा. जैसवाललाई पक्राउ गरिएको हो । अस्पतालले समेत तत्कालै डा. जैसवाललाई निलम्बन गरेको अस्पताल प्रशासक राजेश झाले एक विज्ञप्ति जारी गरी जानकारी दिएका छन् ।

डिस्चार्ज भएर घर जाने बेलामा आवश्यक सल्लाहका लागि शिशुसहित एकपटक भेट्नु भनेर डा. जैसवालले भने अनुसार पुगेकी महिलाले बालिका जाँच्ने बहानामा आफ्नो पेट सुम्सुम्याएको, संवेदनशील अङ्ग छुनुका साथै चलाएको र ब्लाउजको टाँक नै खोलेर अश्लील क्रियाकलाप गर्न लागेपछि प्रतिकार गरेको बताइन् ।

डिस्चार्ज भइसकेको अवस्थामा पुर्जामा पुनः केही औषधि लेखेर डा. जैसवालले पीडितका पतिलाई औषधि पसल पठाएर केबिनभित्र अश्लील क्रियाकलाप गरेपछि प्रतिकार गर्दा बिरामीका कुरुवा र स्वास्थ्यकर्मी जम्मा भएको पीडितले बताइन् । डा. जैसवालले भने आफूले शिशुलाई आमाले स्तनपान गराउने तरिका सिकाउन खोजेको बताए । पीडितले शुक्रबार नै जिल्ला प्रहरी कार्यालयमा बलात्कार प्रयासको उजुरी दिएकी छिन् । जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक धमलाले आरोपितलाई हिरासतमा राखी आवश्यक अनुसन्धान भइरहेको जानकारी दिए ।

उता १४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा चन्द्रागिरी नगरपालिका-८ मातातीर्थ ढाक्सी बस्ने २६ वर्षीय साजन राउतलाई शुक्रबार राति प्रहरीले पक्राउ गरेको छ ।

राउतले ती बालिकालाई जबरजस्ती करणी गरेको खबर प्राप्त हुनासाथ महानगरीय प्रहरी वृत्त थानकोटबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

# 'काठमाथिको प्रतिबन्ध तत्काल हटाऊ'

**झापा, चैत १४।** सामुदायिक वन उपभोक्ता महासङ्घ नेपाल (फेकोफन) ले सामुदायिक वनको काठ बिक्री वितरणमा लगाइएको प्रतिबन्ध तत्काल हटाउन सरकारसँग माग गरेको छ ।

नेपाल सरकार मन्त्रिपरिषद्बाट २०७७ साल जेठ १५ गतेदेखि साललगायतका काठको बिक्री वितरणमा लगाइएको प्रतिबन्धका कारण सो मितिभन्दा पहिला सामुदायिक वनमा कटान भएका साललगायतका काठ उपभोक्ता समूहमा बिक्री वितरण र सदुपयोग गर्न नपाएको जनाएको छ ।

फेकोफनका अध्यक्ष भारती पाठकले विज्ञप्तिमार्फत सामुदायिक वन उपभोक्ता समूहका घरधुरीमा काठको चरम अभाव सिर्जना भएको हुँदा सामुदायिक वनको काठ बिक्री वितरणमा लगाइएको प्रतिबन्ध तत्काल हटाउन माग गरेका छन् ।

सामुदायिक वनबाट कटान गरिएका काठ लामो समयसम्म सदुपयोग गर्न नपाई घाटगद्दीमा राखिरहँदा एकातर्फ उक्त काठहरुको गुणस्तर नष्ट भएको र अर्कोतर्फ आगलागीका कारण अधिकांश काठ नोक्सान हुने अवस्था सिर्जना भएको छ । समुदायले मेहनत गरेर संरक्षण गरेको सामुदायिक वनको काठ जस्तो समुदायिक सम्पत्तिमा ठूलो क्षति हुने भएकाले काठ बिक्री वितरणमा लगाइएको प्रतिबन्ध अविलम्ब हटाउन उनले आग्रह गरेका छन् ।

सामुदायिक वनमा कटान गरिएका सालका काठ समुदायमा खपत गरी बाँकी रहेको अवस्थामा बाहिर बिक्री गर्दा नेपाल सरकारलाई ठूलो राजश्वको मूल्य अभिवृद्धि कर सङ्कलन हुँदै आएकामा काठ बिक्री वितरणको प्रतिबन्धका कारण राज्यको राजश्व समेत गुम्दै गएको छ ।

*(बाँकी अन्तिम पृष्ठमा)*

# राप्रपाको अध्यक्षमा राधा



राधा कार्की

**भद्रपुर, चैत १४।** राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) भद्रपुर नगर समितिको अध्यक्षमा पुनः राधा कार्की निर्विरोध चयन भएकी छिन् ।

भद्रपुरमा शनिवार सम्पन्न राप्रपा नगर समितिको पार्टी एकता अधिवेशनले आगामी ५ वर्षीय कार्यकालका कार्कीलाई पुनः नगर अध्यक्षमा चयन गरेको हो । नगर समितिको सदस्यहरूमा नवराज पनेरु, सीता लम्साल, अभिषेक ढुङ्गाना, डम्बर बर्मा, झुमा दाहाल, कृष्ण सुब्बा, पूर्णबहादुर राना मगर, महेन्द्र लावती, लीला घिमिरे, कमल शर्मा, कुसुम भट्टराई, टेकमान लिम्बू, कृष्णबहादुर लिम्बू, बाबुराम पराजुली, सीता गुरुङ, दीपा लिम्बू, चन्द्रप्रसाद बिमली, प्रकाश राई, अम्बिका पोखरेल, गोपाल गिरी, सदिना थापा, सदिन मगर, निमलाल गणेश, ऋषि नेपाल, शोभा ठटाल, पुनम सुब्बा, रञ्जित राजवंशी, देवेन्द्र पोखरेल, शिवकुमार भण्डारी, सुवास खेवा रहेका छन् ।

त्यस्तै चन्द्रकान्त दाहाल, नारायण कोइराला, बुद्धिमान तामाङ, गीता मेचे, शिवलाल गिरी, बुद्धि भण्डारी, उमा गौतम, नदिन श्रेष्ठ, पुनम राजवंशी, राम गिरी, कल्पना विक, अशोक राजवंशी, कुन्ता राई, बिमल चिमरीया, रमेश न्यौपाने, तीर्थकुमारी दाहाल, अनिरुद्ध सिटौला, राजकुमार राई, सविन राई, यादव सुनुवार, माया केसी, हरि निरौला, प्रेम पराजुली, गजमान सुन्दास, मदन

*(बाँकी अन्तिम पृष्ठमा)*

# फरार र अनलाइनबाट ठग्ने पक्राउ

**झापा, चैत १४।** सवारी ज्यान मुद्दाका फरार प्रतिवादी कमल गाउँपालिका-१ घर भएका ५० वर्षीय अग्निप्रसाद भण्डारीलाई शुक्रबार प्रहरीले पक्राउ गरेको छ ।

पुनरावेदन अदालत इलामको २०६५ साउन २२ गतेको फैसलाले सवारी ज्यान मुद्दामा २ वर्ष कैद र २ हजार रुपैयाँ जरिवाना ठहर भई फरार रहेका उनलाई जिल्ला प्रहरी कार्यालय झापाबाट खटिएको प्रहरीले पक्राउ गरेको हो ।

उनलाई फैसला कार्यान्वयनको लागि जिल्ला अदालत भद्रपुर झापामा उपस्थित गराइएकोमा अदालतको आदेशले बाँकी कैद भुक्तानको लागि

*(बाँकी अन्तिम पृष्ठमा)*

समाल रियल स्टेट प्रा.लि.

**जग्गा खरिद बिक्री केन्द्र**

बिर्तामोड र अर्जुनधारा नगरपालिका विशेष

गोर्खा सुपर मार्केट छेऊ, शनिश्चरे रोड, बिर्तामोड, झापा

प्रबन्ध निर्देशकः राजु समाल (L.B.) ०२३-५४३८७६, ९८०७९९९९००

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी**

पायल्स, प्यारालाइसिस, हाडजोर्नी साथै अन्य सबै रोगहरुको आयुर्वेदिक औषधि, क्षारसूत्र, कपिङमसाज, पञ्चकर्म, फिजियोथेरापीबाट उपचार हुने पूर्वकै गुणस्तरीय, विश्वासिलो र भरपर्दो उपचार केन्द्र **बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर** (अस्टाङ्ग आयुर्वेद फार्मेसी, बिर्तामोड, झापा)

सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६

**कर्मचारी आवश्यकता**

यस थकाली किचन एण्ड न्यू सिटी पार्टी प्यालेसलाई निम्न अनुसारका कर्मचारी आवश्यक परेकोले इच्छुकले तु-सम्पर्क राख्नु होला ।

१) रेष्टुरेन्ट मेनेजर : २ जना
२) हेड सेफ : २ जना
३) तन्दुरी/नान कुक : २ जना
४) किचन हेल्पर : २ जना
५) वेटर/वेट्रेस : ४ जना
६) वार टेन्डर : २ जना
७) क्लिनर : २ जना

सम्पर्क : ०२३-५४२९५५/०२३-५४०६२५

**कर्मचारी आवश्यकता**

यस कम्पनीलाई निम्न अनुसारका कर्मचारी आवश्यक परेकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला ।

पदः कम्प्युटर अपरेटरः १०-२० जना
योग्यताः कम्प्युटर चलाउन दक्ष, अंग्रेजी, बोल्न र लेख्न सक्ने
तलबः १८,०००देखि २०,०००सम्म

सम्पर्कः हान हाई इन्टरनेशनल ट्रेड कम्पनी लि., बिर्तामोड, भद्रपुररोड उर्वसी चौक
मो. ९७४२५४७५२५, ९८१७०९८७८८

**प्रेस विज्ञप्ति**

मेची अञ्चल झापा जिल्लाको बिर्तामोड क्षेत्रको लागि विगत १५ वर्षदेखि एन.के. ट्रेडर्स (हरि प्रसाईं) प्रोप्राइटरसिप रहेको व्यापारिक फर्मले कोकाकोला कम्पनीसँग १५ वर्ष अगाडिदेखि यस क्षेत्रका लागि सम्झौता गरी हालसम्म व्यापार गर्दै आएको सबैमा विदित रहेको कुरा हो । तर, एक वर्षअघिदेखि कम्पनीले एकतर्फी रुपमा सामान पठाउन बन्द गरेको कारणले डिस्ट्रिव्यूटर करोडौं मर्कामा पर्न गएको जानकारी आम व्यवसायी मित्रहरुलाई भएको नै छ ।

यसरी बिर्तामोड क्षेत्रमा सामान बेच्दैनौं भन्ने र अर्कोतिर रातारात केही व्यापारीलाई लोभ देखाइ, प्रलोभनमा पारी मेरो बिर्तामोड क्षेत्रभित्र कोकाकोलाको आइटम भित्र्याउने क्रममा कम्पनीले दोहोरो भूमिका खेलेकोमा एन.के. ट्रेडर्स यस्तो दुष्कार्यको घोर आपत्ति प्रकट गर्दछ । यस्ता चोरी घृणित कार्यमा नलाग्न र एउटा व्यवसायीको मर्मलाई अर्को व्यवसायीले आफ्नो सम्झेर सहयोग गरिदिनु हुन पनि बिनम्र अनुरोध गर्दछु । कम्पनीले डिस्ट्रिव्युटरसँग गर्ने यस्ता कदमको हामी आम झापाली व्यवसायी मित्रहरुले एकढिक्का भई सहयोग गरिदिनु हुनेछ भन्ने आशासहित विश्वास लिएको छु ।

**एन. के. ट्रेडर्स**
(कोकाकोला डिस्ट्रिव्युटर)
बिर्तामोड (झापा)

# जन्मदिनमा डा. आभाषद्वारा १०३ बिरामीलाई नि:शुल्क सेवा



**बिर्तामोड, चैत १४।** तपाईं आफ्नो जन्मदिन कसरी मनाउनु हुन्छ ? फजुल खर्च गरी ठूला तारे होटलमा साथीभाइलाई पार्टी दिएर, कुनै रमाइलो ठाउँ घुम्न गएर मनाउनु हुन्छ होला ।

तर, झापा बिर्तामोडका एक डाक्टरले नि:शुल्क स्वास्थ्य शिविरको आयोजना गरेर बिरामीको जाँच गर्दै आफ्नो जन्मदिन मनाएका छन् ।

बिर्तामोडस्थित पूर्ण-टुङ्ग बिर्तासिटी हस्पिटलमा कार्यरत वरिष्ठ मानसिक तथा नशा रोग विशेषज्ञ डा. आभाष निरौलाले प्राञ्जल क्लिनिक बिर्तामोडमा नि:शुल्क मानसिक रोग स्वास्थ्य शिविरको आयोजना गरी जन्मदिन मनाएका हुन् ।

फजुल खर्च गरेर जन्मदिन मनाउनु भन्दा सामाजिक कार्य गरेर जन्मदिन मनाउँदा समाजमा सकारात्मक सन्देश जाने भएकाले नि:शुल्क स्वास्थ्य शिविरको आयोजना गरेर जन्मदिन मनाएको डा. निरौलाले बताए ।

बिर्तामोडमा रहेको प्राञ्जल क्लिनिकको आयोजनामा शनिबार भएको नि:शुल्क मानसिक रोग स्वास्थ्य शिविरमा वरिष्ठ मानसिक तथा नशा रोग विशेषज्ञ डा. आभाष निरौलाले एक सय तीन जना बिरामीको स्वास्थ्य परीक्षण र परामर्श सेवा प्रदान गरेका थिए ।

शिविरको उद्घाटन डा. आभाषकी आमा शशि निरौलाले बिरामीलाई पानी दिएर गरेकी थिइन् । शिविरमा सहभागी बिरामीलाई ल्याव सेवामा ५० प्रतिशत छुट दिइनुका साथै दुई-तीन महिनाको औषधि नि:शुल्क प्रदान गरिएको प्राञ्जल क्लिनिकका सञ्चालक बिनय डाँगीले जानकारी दिए । शिविर सफल पार्न केशव अधिकारी, सविन श्रेष्ठ, सुरज राजवंशी, कौशल आचार्य, रोशन धिमाल, आकाश विष्ट, अजय साहले सहयोग गरेका थिए ।

शिविरमा सहभागी बिरामीले जन्मदिनमा बिर्तामोडमा पहिलोपटक मानसिक रोग स्वास्थ्य शिविरको आयोजना गरेर आफूलाई बिरामीको सेवामा समर्पित गरेको भन्दै डा. आभाष निरौलाको प्रशंसा गरेका थिए ।

## वडाध्यक्ष गोम्देनद्वारा १५ सय इँटा प्रदान

**अर्जुनधारा, चैत १४।** आफ्नो निर्माण हुँदै गरेको घर छेउमा भेटिएका झापा अर्जुनधारा-१०का स्थानीय अमरकुमार श्रेष्ठ शनिबार हर्षित मुद्रामा देखिएका थिए ।

विगत केही वर्षदेखि सामाजिक कार्य गरी आफ्नो जन्मोत्सव मनाउँदै आएका अर्जुनधारा-१०का वडाध्यक्ष बलदेवसिंह गोम्देनबाट घर निर्माणको लागि १५ सय इँटा प्राप्त गरेका कारण उनी हर्षित देखिएका हुन् ।

सामान्य कृषि कर्म गरेर आउने आम्दानी बाहेक अन्य दिगो आम्दानीको स्रोत नभएको श्रेष्ठ परिवारलाई वडाध्यक्ष गोम्देनको उक्त सहयोग ढुंगा खोज्दा देउता मिलेझैं भएको श्रेष्ठले बताए । 'केही समय अगाडि उहाँले गर्नुभएको प्रतिबद्धता पूरा गर्नुभयो, खुशी लागेको छ- 'उहाँलाई धन्यवाद साथै जन्मदिनको शुभकामना पनि दिन्छौं'- उनले भने ।

स्थानीयस्तरमा हुने सबै सामाजिक क्रियाकलापमा सक्रियरुपमा सहभागी हुने अमर दाइको योगदानको मूल्याङ्कन गरी आफ्नो ४६औं जन्मोत्सवको अवसरमा आफूले उक्त सहयोग गरेको वडाध्यक्ष गोम्देनले बताए । आगामी दिनमा पनि यस किसिमको कार्यलाई निरन्तरता दिने वडाध्यक्ष गोम्देनले प्रतिबद्धता व्यक्त गरेका छन् ।

वडाध्यक्ष गोम्देनले यसअघि पनि सामाजिक क्रियाकलापमा सहभागी हुने श्रेष्ठ जस्तै अर्जुनधारा-९ निवासी दुर्गा अधिकारीलाई घर निर्माण गर्न २० बोरा सिमेन्ट सहयोग गरेका थिए ।

# कालिकापीठको अध्यक्षमा पोखरेल



**अर्जुनधारा, चैत १४।** कालिकापीठ कालीस्थानको १८औं बार्षिक साधारणसभाले ज्योतिषाचार्य लक्ष्मीप्रसाद पोखरेलको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ ।

समितिको उपाध्यक्षमा डिल्लीराम दाहाल, लक्ष्मीप्रसाद मिश्र र कर्ण तामाङ चयन भएका छन् । पीठको सभाहलमा शनिवार आयोजित साधारणसभामा पदमलाल श्रेष्ठ नेतृत्वको निर्वाचन समितिले सर्बसम्मत नेतृत्व चयन गरेको हो । समितिको सचिबमा भोलानाथ पोखरेल, सहसचिवमा रामप्रसाद दाहाल, कोषाध्यक्षमा खडानन्द खतिवडा चयन भएका छन् ।

समितिका सदस्यहरुमा रेनुका बस्नेत, तारा गिरी, रुपनारायण भणडारी, प्रेमप्रसाद पोखरेल, बिन्दु मिश्र, कुलप्रसाद अधिकारी, देवीमाया पोखरेल, राजेन्द्र अधिकारी, खोमनाथ मिश्र, भानु निरौला, पुष्प पोखरेल, अनिता गोम्देन, गान्धारी मिश्र र मनोज गोम्देन चयन भएका छन् ।

साधारणसभाले जयधर्म पोखरेल, गोपाल खतिवडा र दामोदर दाहाललाई लेखासमितिमा चयन गरेको छ । यसैगरी दुर्गालाल श्रेष्ठ, पदमलाल श्रेष्ठ, सन्तबहादुर गोम्देन, देबुसिंह तामाङ, ओमप्रकाश दाहाल, पर्शुराम कट्वाल र बलदेवसिङ गोम्देनलाई सल्लाहकारमा मनोनयन गरिएको छ ।

साधारणसभाकै बीच पीठमा नवनिर्मित छात्रबासको समुद्घाटन गरिएको थियो । दाताहरुको सहयोगमा डेढ करोडभन्दा बढीको लागतमा निर्माण भएको तीनतले छात्रबासको अर्जुनधारा नगरपालिकाका मेयर तथा कार्यक्रमका प्रमुख अतिथि हरिकुमार रानाले समुद्घाटन गरेका थिए ।

साधारणसभा उद्घाटन समारोहमा वैदिक संस्कृतिको संरक्षणमा पुर्‍याएको योगदानको कदर गर्दै पं. नारायण भट्टराईलाई सम्मान गरिएको थियो । कार्यक्रममा पीठमा अध्ययनरत् बिद्यार्थीमध्ये विभिन्न बिधामा उत्कृष्ट केशव अधिकारी, प्रवेश खतिवडा, विशाल अधिकारी र सागर अधिकारीलाई सम्मान गरिएको थियो ।

ज्योतिष लक्ष्मीप्रसाद पोखरेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि राना, प्रेस युनियन झापाकी अध्यक्ष इन्दु पूर्वेली, सम्मानित व्यक्तित्व भट्टराई, दामोदर पोखरेल, पदमलाल श्रेष्ठ लगायतले मन्तव्य राखेका थिए ।

बलदेव गोम्देनको प्रमुख आतिथ्यमा सम्पन्न बन्दसत्रमा सचिब भोलानाथ पोखरेलले संस्थाको प्रतिबेदन र कोषाध्यक्ष खडानन्द खतिवडाले लेखा प्रतिबेदन प्रस्तुत गरेका थिए ।

## 'कोदोको रक्सीलाई ब्राण्ड बनाउँछु'

**खोटाङ, चैत १४।** प्रदेश नं. १का सामाजिक विकासमन्त्री उषाकला राईले कोदोको रक्सीलाई ब्राण्ड बनाउन पहल गर्ने बताएकी छिन् ।

स्थानीय प्रशासनले कोदोको रक्सी जफत गरिरहेको अवस्थामा 'ब्याण्ड भर्सेस ब्राण्ड'को नारा लिएर प्रवर्द्धनमा लागेकी मन्त्री राईले शुक्रबार शपथ तथा पदभार ग्रहण गरेलगत्तै सामाजिक सञ्जालमा स्टाट्स लेख्दै साना उद्योगका रूपमा रहेको कोदोको रक्सी उत्पादनलाई कानूनीरूपमा वैधता दिने प्रबन्ध मिलाउनुपर्नेमा जोड दिइन् ।

उनले खोटाङको दिक्तेल बजारमा यसअघि स्थानीय उत्पादनको रक्सी प्रहरीले जफत गरेर नष्ट गरेको विषयलाई लिएर स्थानीय सरकारको कडा आलोचना समेत गरेकी थिइन् ।

मन्त्री राईले पदभार ग्रहण गरेलगत्तै फेसबुकमा लेखेको स्टाट्समा नेपाली जनताको परिवर्तनका लागि सामाजिक मुक्ति आन्दोलनमा आफ्नो यात्रा अविचलित रहिरहने उल्लेख गरेकी छन् ।

खोटाङको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-४ खाल्लेमा जन्मिएकी मन्त्री राईले मन्त्रीको पदभार ग्रहण गरेपछि जन्मदिने आमाबुबा तथा खोटाङे जनतालाई धन्यवाद व्यक्त गरिन् ।

# ओमान पठाइदिन्छु भनेपछि...

**झापा, चैत १४।** मानव बेचबिखन तथा ओसारपसार मुद्दाका फरार अभियुक्त पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा झापा शिवसताक्षी नगरपालिका-११ का ४४ वर्षीय शेखरबहादुर सुनुवार रहेको प्रहरीले जनाएको छ ।

वर्दिया मधुबन नगरपालिका-७ बाट गत फागुन १६ गते २ जना महिलालाई भारततर्फ लग्न लागिरहेको अवस्थामा जिल्ला प्रहरी कार्यालय बर्दियाबाट खटिएको प्रहरीले ओसारपसारमा संलग्न सोही नगरपालिका-१ जगमोहन चोक बस्ने २५ वर्षीय कन्हैयालाल यादवलाई पक्राउ गरेको थियो ।

सोधपुछ तथा अनुसन्धानको क्रममा भारतको दिल्ली हुँदै ओमान पठाईदिन्छु भनी प्रलोभनमा पारी बेचबिखन गर्ने उद्देश्यले भारततर्फ लग्न लागिएको भन्ने खुल्न आएको प्रहरीले जनाएको छ ।

थप अनुसन्धान गर्ने क्रममा सोही अपराधिक कार्यमा शेखरबहादुरले नेपालतर्फबाट मुख्य एजेन्ट भई पटक-पटक विभिन्न व्यक्तिहरुलाई प्रलोभनमा पारी विभिन्न व्यक्तिसँगको संलग्नतामा भारततर्फ पठाउने कार्य गर्दै आएको खुल्न आएको थियो । जिल्ला प्रहरी कार्यालय बर्दिया तथा महानगरीय अपराध महाशाखा काठमाडौंको संयुक्त टोलीले काठमाडौं महानगरपालिका-३१ शान्तिनगरमा लुकिछिपी बसिरहेको अवस्थामा फेला पारी उनलाई पक्राउ गरेको हो ।

यस सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बर्दियाले जनाएको छ ।

# झापा टोस्ट मास्टर्स क्लवको पद हस्तान्तरण



**झापा, चैत १४।** झापा टोस्ट मास्टर्स इन्टरनेशनल क्लवको पदहस्तान्तरण सम्पन्न भएको छ ।

बिर्तामोडमा भएको एक समारोहकाबीच पद हस्तान्तरण भएको हो । झापा टोस्ट मास्ट्र्स क्वलको प्रेसिडेन्टमा विनिता गोयल चयन भएकी छन् । कार्यक्रमका प्रमुख अतिथि एरिया एन थ्री का डाइरेक्टर सुव्रत पौडेलको प्रमुख आतिथ्यका बीच गोयलसहितका पदाधिकारीलाई पद हस्तान्तरण गरिएको थियो ।

पब्लिक स्पिकिङका लागि विश्वमा नै उत्कृष्ट क्लवका रुपमा यसलाई लिने गरिन्छ । यो क्वबले विश्वका विभिन्न देशमा पब्लिक स्पिकिङसहित विभिन्न सामाजिक कार्य गर्दै आएको छ ।

क्लवको प्रेसिडेन्टमा गोयलसहित डा. सन्ध्या राठी भीपी एजुकेशन, गणेश गुरागाई ट्रेजरर, प्रवीण थेवे सेक्रेटरी, प्रियङ्का शर्मा खीपी पीआर, डा. पुष्पक रेग्मी भीपी मेम्वरसिप, डा. प्रियङ्का कटुवाल एसएए रहेका छन् ।

कार्यक्रममा क्वल ग्रोथ डाइरेक्टर अफ डिस्ट्रिक ४१का डीटीएम अयान पालले शुभकामना दिएका थिए ।

# 'चूडामणि रेग्मी ग्रन्थावली-३ घुम्टीखोली' लोकार्पण

**झापा, चैत १४ ।** भाषाविद् चुडामणि रेग्मीको 'चूडामणि रेग्मी ग्रन्थावली-३ घुम्टीखोली'को लोकार्पण गरिएको छ ।

बिर्तामोडमा भएको कार्यक्रममा साहित्यकार सरोज ओलीले सो कृतिको लोकार्पण गरेका हुन् ।

साहित्यका विविध विधामा कलम चलाएका रेग्मीले समालोचनामा आलोचनात्मक शैलीको प्रस्तुति नगरेकै कारण सबैलाई सँगसँगै लिएर हिँड्ने साहित्य क्षेत्रको पाठशाला भएको उनको भनाइ थियो ।

साहित्यकार होम सुवेदी, पुण्यप्रसाद खरेल र हरिनारायण भट्टराईले सम्पादन गरेको कृतिका बारेमा सम्पादकद्वय होम सुवेदी र पुण्यप्रसाद खरेलले धारणा राखेका थिए । कार्यक्रममा स्रष्टा रेग्मीले ग्रन्थावली निकाल्ने आफ्नो इच्छा पूरा गरिएकोमा प्रकाशक तथा सम्पादन मण्डललाई धन्यवाद दिँदै बुढ्यौलीका कारण अब कृति प्रकाशनमा ल्याउन कठिन हुने धारणा व्यक्त गरे ।

रेग्मीको लोकार्पित पछिल्लो ग्रन्थावली आफ्नो ८४औं जन्मोत्सवका रुपमा आएको लेखक्यौलीमा उल्लेख गरिएको छ । दुई सय ३२ पृष्ठ लामो ग्रन्थावली भाग-३ को प्रकाशन जयेन्द्रप्रसाद प्रसाईं साहित्य सेवा कोषले गरेको छ ।

## फरार ...

कारागार कार्यालय चन्द्रगढी पठाउने आदेश भएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

उता अनलाइनमार्फत रकम ठगी गरेको अभियोगमा चितवन रत्ननगर नगरपालिका-१ निपनी चोक बस्ने २१ वर्षीय विनेश महतोलाई प्रहरीले पक्राउ गरेको छ ।

सामाजिक सञ्जाल फेसबुकमा अनधिकृत पहुँच पुर्‍याई मेसेञ्जरबाट पीडितहरुसँग विभिन्न बहाना बनाई झुक्याई ४७ हजार रुपैयाँ मोवाइल बैंकिङबाट ट्रान्सफर गरीदिनु भनी ठगी गरेको भन्ने सूचना प्राप्त हुनासाथ महानगरीय अपराध महाशाखा मिनभवनबाट खटिएको प्रहरीले इलाका प्रहरी कार्यालय टाँडी चितवनसँगको समन्वयमा उनलाई पक्राउ गरेको हो ।

उनलाई ठगी मुद्दामा आवश्यक कारवाहीको लागि महानगरीय प्रहरी परिसर काठमाडौं पठाइएको उक्त महाशाखाले जनाएको छ ।

# थ्री नेसन्स कप फुटबलको फाइनलमा नेपाल

**काठमाडौं, चैत १४।** बंगलादेशसँग बराबरी खेल्दै नेपालले थ्री नेसन्स कप फुटबलको फाइनलमा पुगेको छ ।

तीन राष्ट्र सम्मिलित प्रतियोगिताको अन्तिम लिग खेलमा नेपालले शनिबार बंगलादेशसँग गोलरहीत बराबरी खेलेको हो । नेपाल र बंगलादेशको फाइनल खेल सोमबार हुनेछ । पहिलो खेलमा पनि नेपालले किर्गिस्तानको ओलम्पिक टिमसँग गोलरहीत बराबरी खेलेको थियो । बंगलादेशले भने किर्गिस्तानलाई १-० ले पराजित गरेको थियो ।

नेपालले गोल नगरेको यो छैठौं अन्तर्राष्ट्रिय खेल हो । पछिल्लो पटक नेपालले विश्वकप छनोट अन्तर्गत चाइनिज ताइपेईविरुद्ध २-० को जित हात पार्दा अन्जन विष्टले दुवै गोल गरेका थिए । त्यसयता नेपालले गोल गर्न नसकेको ५६८ मिनेट भएको छ ।

## काठमाथिको ...

वन पैदावारमा आधारित लघुउद्यम तथा घरेलु उद्योगका लागि सामुदायिक वनका काठ मुख्य कच्चापदार्थका रुपमा रहेको अवस्थामा काठ बिक्री वितरणको प्रतिबन्धले यस्ता हजारौंको सङ्ख्यामा रहेका लघुउद्यम तथा घरेलु उद्योग बन्द हुने अवस्थामा पुगेको फेकोफनले जनाएको छ । यसबाट ठूलो सङ्ख्यामा रहेका वन श्रमिकको रोजगारी गुम्ने अवस्था सिर्जना भएकाले काठको बिक्री वितरणमा लगाइएको प्रतिबन्ध हटाउन फेकोफनले माग गरेको हो ।

स्वदेशी काठ बिक्री वितरणमा लगाइएको प्रतिबन्धका कारण कम गुणस्तरको विदेशी काठ आयात बढेको र यसबाट व्यापार घाटासमेत बढेको छ । सामुदायिक वनबाट सङ्कलित काठ उपयोग गर्न नपाएकाले सामुदायिक वनमासमेत विभिन्न पक्षबाट चोरी तस्करी हुने अवस्था सिर्जना भएको अध्यक्ष पाठकले उल्लेख गरे ।

सरकारले वैज्ञानिक वन व्यवस्थापन कार्यविधि २०७१ खारेज गर्दै वैज्ञानिक वनबाहेक दिगो वन व्यवस्थापनका माध्यमद्वारा सामुदायिक वनबाट सङ्कलित काठ दाउरा सदुपयोग गर्न पाउने गरी गत माघ १४मा निर्णय गरेको थियो । केही सरकारी वन प्रशासकले उक्त निर्णयको अवज्ञा गरी सामुदायिक वनका काठ दाउरा बिक्री वितरण र सदुपयोगमा रोक लगाउँदै आएको भन्दै फेकोफनले सामुदायिक वन बिरोधी कार्य नगर्न नगराउनका लागि वन प्रशासकसमक्ष आग्रह समेत गरेको छ ।

## राप्रपाको ...

खतिवडा, मणिराम न्यौपाने, दीपक रायमाझी, कुमार न्यौपाने, भोला रिजाल, नवराज घिमिरे, कवीन्द्रप्रकाश दाहाल रहेका छन् । सदस्य चुनिएका मध्येबाटै नगर समितिका बाँकी बोर्ड पदाधिकारीहरू चयन गरिने जनाइएको छ ।

त्यसैगरी राप्रपा वडा नम्बर १ का अध्यक्षमा शङ्कर लिम्बू, २का अध्यक्षमा डम्बर लिवाङ, ३को अध्यक्षमा पुष्प बस्नेत, ४को अध्यक्षमा शङ्कर रिजाल, ५को अध्यक्षमा देवु घिमिरे, ६को अध्यक्षमा जीवन विष्ट, ७को अध्यक्षमा पूर्णबहादुर गिरी, ८को अध्यक्षमा गणेश लिम्बू, ९को अध्यक्षमा ईश्वरी रिजाल र १०को अध्यक्षमा वेणु लावतीलाई निर्बिरोध चयन भएका छन् ।

राप्रपाका नगर अध्यक्ष राधा कार्कीको अध्यक्षता तथा राप्रपाका नेता एव्म् सांसद राजेन्द्रप्रसाद लिङ्देनको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा राप्रपाका केन्द्रीय सदस्य भक्ति सिटौला, केन्द्रीय सदस्य देवीरमण भट्टराई, सुशीला बस्नेत, प्रदेश सदस्य महेन्द्र लावती, जिल्ला सचिव केशव ओझा, जिल्ला सदस्य तथा हल्दिवारी गाउँपालिकाका अध्यक्ष रवीन्द्रप्रसाद लिङ्देन लगायतले शुभकामना मन्तव्य राखेका थिए । राप्रपाका ३ नम्बर क्षेत्रीय अध्यक्ष नवराज पनेरुले स्वागत मन्तव्य राखेको कार्यक्रमको सञ्चालन नगर सचिव कुसुम भट्टराईले गरेका थिए । साथै सोही कार्यक्रममा विभिन्न पार्टी परित्याग गरी २४ जनाभन्दा बढी राप्रपामा प्रवेश गरेका थिए ।


**नि:सन्तान दम्पत्तिहरुका लागि सुवर्ण अवसर**

झापाको बिर्तामोडमा पहिलोपटक ख्याति प्राप्त वात्सल्यको IVF सेन्टरमा स्त्री तथा प्रसूति रोग तथा नि:सन्तानहरुका लागि विशेषज्ञ सेवा सुचारु भएको सर्हष जानकारी गराउँदछौं ।

स्त्री तथा प्रसूति रोग तथा नि:सन्तान दम्पत्तिहरुका लागि विशेषज्ञ डा. आकृति भारती, एम.डी. द्वारा यही मिति २०७७/१२/२१ गते शनिबारका दिन बिहान १०-३ बजे नि:सन्तान दम्पत्तिहरुको चेकजाँच र आवश्यक परामर्श गरिने भएको हुँदा समयमै स्वास्थ्य जाँच गराई आवश्यक सेवा लिनहुन हार्दिक अनुरोध गर्दछौं ।

**समय :** १०:३० बजेदेखि

**स्थान :** बिर्तामोड पश्चिम बस स्टेण्ड उत्तर (निशा एडभान्स अल्ट्रासाउण्ड एण्ड गायग्नोष्टिक क्लिनिक)

**अग्रिम नाम लेख्ने समय :** ९:०० बजेदखि ५:०० बजेसम्म

**नोट : यहाँ न्यूरो ओपीडी र मानसिक रोग तथा अन्य अनुभवी विशेषज्ञ डाक्टरद्वारा दैनिक सेवा, रेडियोलोजी सेवा ।** झापामै पहिलोपटक अत्याधुनिक DR एक्सरे, 4D भिडियो एक्सरे र CT स्क्यान तथा प्याथोलोजीमा अत्याधुनिक मेसिनद्वारा दक्ष प्याथालोजिष्टबाट सम्पूर्ण रगतको जाँच TFT, रगतबाट क्यान्सरको जााच तथा मासुको जाँच गरिन्छ ।

**निसा एड्भान्स अल्ट्रासाउण्ड एण्ड गायग्नोष्टिक क्लिनिक,**

बिर्तामोड (पश्चिम बस स्टेण्ड उत्तर) झापा, ०२३-५९०१९४

**वितरक चाहियो**

लक्ष्मीपुर-पञ्चकन्या हुँदै बिर्तामोड प्रोभिडेन्स कलेजबाट अन्धुवा पुल हुँदै महेन्द्र शोरुमसँग, कृषिथोक हुँदै शनिश्चरे लाइन, पाथीभरा टोल-३ नम्बरसम्मका लागि वितरकको आवश्यकता भएकोले इच्छुकले सम्पर्क गर्नुहोला ।

नोटः साइकल भएको १ जना, पाँच हजार सेलरी ।

सम्पर्कः ९८१६६४१५७३, ९८०१४०४०००

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

भूपाल बुढाथोकी

023-545402

9825952677

9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ उपसम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com



# समावेशीकरणको यात्रामा एउटा अभियान:
## पूर्वाञ्चल दैनिकद्वारा प्रकाशित लिम्बू भाषा (किरात सिरिजङ्गा लिपी)
# समावेशी नेपाल









## किरात याक्थुङ् चुम्लुङ् झापाको लुङ्मेन्दीङ् अपील

*"मजबुत, विश्वासनीय लिम्बू जनसंख्या निर्माणको लागि जनगणनामा सबै सहभागी बनौं ।"*

*आदरणीय दाजु, भाइ, दिदी बहिनीहरुमा सेवारो !*

विगत ३० वर्षको निरन्तर इमान्दार, मेहनत, आम सहमति, समय सन्दर्भले मागे बमोजिम दश लिम्बुवान १७ थुमको प्रतिनिधिहरुले सामुहिक निर्णय गरी २०४८, २०५८ र २०६८ सालहरुमा सम्पन्न राष्ट्रिय जनगणनाहरुबाट आदिवासी लिम्बूहरुको जाति, भाषा, धर्म विषयक सामुदायिक परिचयहरुलाई समयबाट परिक्षित, पारङ्गित र स्थापित गर्न सफल भइरहेका छन् । हाल, हामी २०७८ सालमा सम्पन्न हुन गइरहेको राष्ट्रिय जनगणनाको संघारमा छौं र उक्त अवसरलाई सदसपयोग गरी आदिवासी लिम्बूको सन्दर्भमा निम्न विषयहरु माथि निम्नानुसार लेख्न लेखाउन किरात याक्थुङ् चुम्लुङ्को तफ्रबाट लुङ्मेन्दीङ् अपिल गर्दछौं ।

**राष्ट्रिय जनगणना २०७८ मा रहेका मुख्य प्रश्नावलीको व्यक्तिगत विवरण खण्ड :**

| जात/जाति के हो ? भन्ने महल | पुर्खाको भाषा कुन हो ? भन्ने महल | मातृभाषा कुन हो ? भन्ने महल | दोसे भाषा कुन हो ? भन्ने महल | कुन धर्म मान्नुहुन्छ ? भन्ने महल |
|---|---|---|---|---|
| लिम्बू | लिम्बू | लिम्बू | नजिकको आदिवासी जनजातिको मातृभाषा | किरात धर्म |



**किरात याक्थुङ चुम्लुङ** जिल्ला कार्य समिति झापाको संयोजनमा सम्पादित **लिम्बू भाषा खण्ड**को लागि सम्पादक **सेसेहाङ् फियाक लिम्बू** (९८०७९१२०६६), सह–सम्पादक **सेसेमी सेनाल्बो** (९८१८७१०७४३), **डिल्लीश्वर मुसाहाङ अम्याङ्सा** (९८१७३०४०८०) ।

# माता पाथीभराको सातौं वार्षिक सभा



**बिर्तामोड, चैत १४।** माता पाथीभरा बचत तथा ऋण सहकारी संस्थाले सदस्यहरुलाई आर्थिक उपार्जनतर्फ प्रेरित गर्ने भएको छ। सहकारी साझेदारी सहकार्यमा उत्पादनदेखि बजारीकरणसम्म आफ्ना शेयर सदस्यलाई आवद्ध गराएर आर्थिक विकासका लागि पहल गर्ने भएको हो।

बिर्तामोड-१ मा कार्यालय रहेको सहकारीले शनिबार संस्थाको सातौं वार्षिक साधारणसभा सम्पन्न गरेको छ। कोरोना भाइरसका कारण यस आर्थिक वर्षमा लक्ष्य अनुसार काम गर्न नसके पनि आगामी दिनमा अझ प्रभावकारी ढंगबाट अघि बढ्ने लक्ष्यका साथ विभिन्न कार्यक्रहरु अघि सारेको सहकारीका अध्यक्ष धर्मेन्द्रप्रसाद लिङ्देनले जानकारी दिए।

सात वर्षअघि दुई लाख ६० हजार शेयर पुँजीबाट शुरु भएको सहकारीले आर्थिक वर्ष २०७६/०७७ मा १७ लाख ५८ हजार एक सय रुपैयाँ शेयर पुँजी पुगेको अध्यक्षद्वारा प्रस्तुत प्रतिवेदनमा उल्लेख गरिएको छ। आर्थिक वर्ष २०७६/०७७ मा निक्षेप संकलनतर्फ एक करोड ८७ लाख १७ हजार दुई सय ९० रुपैयाँ रहेको छ। आर्थिक वृद्धि गरेर शेयर सदस्यहरुलाई थप लावाभित बनाउन विभिन्न कार्ययोजनाका साथ अघि बढे तयारीमा सहकारी रहेको अध्यक्ष लिङ्देनले बताए।

जनशक्ति बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष एवम् कार्यक्रमका प्रमुख अतिथी हिमालय प्रकाश कन्दङ्वाले माता पाथीभरा सहकारीले आर्थिक तथा सामाजिक गतिविधि बढाउनुपर्नेमा जोड दिए। उनले सहकारीको नीति र सिद्धान्तमा रहेर शेयर सदस्य बढाउने विषयमा ध्यान दिँदै सहकारीलाई अझ चलायमान बनाउन सुझाव दिए। उनले ठूला सहकारीले समेट्न नसकेका धेरै सदस्यहरुलाई माता पाथीभरा जस्ता सहकारीले समेटेको भन्दै अब आर्थिक विकासमा अघि बढ्नुपर्ने बताए।

कार्यक्रममा समाजसेवी गणेश उप्रेती, क्युपेक नेपाल बिर्तामोडका नगर सल्लाहकार दिलप्रसाद लिम्बू लगायतले शुभकामना मन्तव्य राखेका थिए। संस्थाका व्यवस्थापक उत्तम राईले स्वागत गरेको कार्यक्रमको सञ्चालन सचिव अम्बिरकुमार लिङ्देनले गरेका थिए। सहकारीले शनिबार नै नयाँ नेतृत्व समेत चयन गरेको छ। कोरोना भाइरसबाट सुरक्षित रहेर कार्यक्रम गरिएको थियो।

# स्मृतिमा ज्योतिषाचार्य पं. नेपाल

झापा गौरादह-१ सनराइज टोलका बासिन्दा ज्योतिषाचार्य पण्डित गेहनाथ नेपाल दानवीर तथा धार्मिक व्यक्तित्वका रुपमा समाजमा परिचित छन्।

ताप्लेजुङ निवासी तत्कालीन फुङ्लिङ गाउँ पञ्चायत वार्ड नं. ३ मा पिता काशीनाथ र आमा मन्दोधरा नेपालका काइँला छोराको रुपमा वि.सं.१९८७ साल माघ ८ गते बुधबार जन्मिएका गेहनाथ २०१७ साल बैशाख १७ गते भोजपुर पौवा खेसाङ निवासी पिता होमनाथ भट्टराई तथा माता पूर्णमायाकी माइली सुपुत्री सुभद्रा भट्टराईसँग २०१७ साल बैशाख १७ गते बिबाहबन्धनमा बाँधिएका थिए।

काशी बनारस हिन्दू विश्वविद्यालयबाट ज्योतिषशास्त्रमा आचार्य तथा कर्मकाण्डी शिक्षामा शास्त्री हासिल गरेका गेहनाथले अध्यापनको क्रममा खोटाङ सदरमुकामको सरस्वती बिद्यापीठ पाठशाला स्थापना गरी २०१८ देखि २०२१ सालसम्म पठनपाठनको क्रममा रहँदै, बस्दै जाँदा बिभेदपूर्ण राजनीतिक कारणले सो स्थान छोडी आसामको ग्वाबारी भन्ने स्थानमा रही गृहस्थ जीवनयापन गर्दै, रहँदै र बस्दै गर्दाको क्रममा भुटान, बर्मा लगायतका मुलुकमा समेत पुगेका थिए।

२०२७ सालमा झापा धुलाबारी नागरडुब्बाको नेपाल टोलमा बसाई सरे पनि स्थायी बासस्थानको खोजीको सिलसिलामा झापा महारानी झोडा-५ धरधरेमा बस्दै आएका थिए। द्वन्द्वकालमा पनि आफ्नो गाउँघर आफै बनाऔं भन्ने कार्यको अगुवाइ गरी विभिन्न बाटाघाटा, कुलकुलेसा, पैनी, कुलो निर्माण कार्यमा सक्रिय गेहनाथले भद्रकाली मावि स्थापना गर्न कृयाशिल हुँदै एक कट्ठा



ज्योतिषाचार्य पं. गेहनाथ नेपाल

जग्गा र ५१ हजार नगद दान दिएको, मानव धर्म सेवा समितिको नाममा गोप्यदान साथै एक कट्ठा भूमिदान, गौरादह-४ मैदानघोपामा रहेको पाथीभरा मन्दिर स्थापनाको लागि गोप्यदान एवम् अमूल्य योगदान पुऱ्याएको, गौरादह-४ मिर्मिरे चोकको किरातेश्वर शिवालय मन्दिर निर्माण गरेको जस्ता कार्यको आज पनि त्यस क्षेत्रका बासिन्दाले मुक्त कण्ठले प्रशंसा गरेका छन्।

गेहनाथले १८ वर्ष हरिकिर्तन मण्डलीको अध्यक्षको जिम्मेवारी पूरा गरेको, गौरादह-४ कै शिद्धेश्वर शिवालय मन्दिर निर्माण कार्यमा संस्थापक सदस्यको हैसियतले निर्माण कार्यको अगुवाई गरी पटक-पटक पुराण लगाउने क्रममा कथाव्यासको भूमिका निभाएको, नेपाल सनातन धर्म सेवा समिति झापा जिल्ला उपाध्यक्ष पदको जिम्मेवारी सम्हाल्दै जिल्लामा धर्म अवलम्बनको प्रवचन समेतको ज्ञानको ज्योति छर्दै आएका थिए।

नेपाली मात्र होइन बंगाली, हिन्दी, आसामे, लिम्बू जस्ता भाषामा अत्यन्तै मिठास भरेर कुराकानी गर्न सक्ने बहुप्रतिभाका धनी गेहनाथले २०५८ सालदेखि अमेरिकाको कोलोराडो राज्यमा स्थायी बसोबास गरी व्यवसाय गर्दै आएका छोरा पुरुषोत्तम बुहारी शुसिला नातिहरु सन्जय र प्रज्ज्वलसँग भेट्घाट गर्ने क्रममा छ महिना आफ्नी धर्मपत्नी सुभद्रासहित अमेरिकाको भ्रमण गरेका थिए।

छोरा-बुहारीहरु रामप्रसाद नेपाल, पुरुषोत्तम-शुसिला (ढुंगाना) नेपाल, शान-पुनम (भण्डारी) नेपाल, लीला-गीता (घिमिरे) नेपाल, छोरी-ज्वाइँ भीमा-डोलेन्द्र खरेल, शोभा-निर्मल सापकोटा, प्रेमा-तारानाथ लामिछाने, नाति आठ जना, नातिना १० जना, पनाति आठ जना, पनातिनी चार जना, नातिनी ज्वाइँ सात जनासहित ५१ सन्तानका धनी गेहनाथको २०७७ साल चैत ११ गते बुधबार ९१ वर्षको उमेरमा उपचारको क्रममा नोवेल हस्पिटल बिराटनगरमा स्वर्गारोहण भयो।

गेहनाथको स्वर्गारोहणले अहिले गौरादह-१ सनराइज टोलका बासिन्दा शोकाकुल छन्। उनीहरुले दानवीर तथा धार्मिक व्यक्तित्व गेहनाथको बैकुण्ठबासको कामना समेत गरेका छन्। गेहनाथका छोरामध्ये शान नेपाल पत्रकार महासंघ झापाका साधारण सदस्य तथा पर्दाफास अनलाइन न्यूज पोर्टलका सम्पादक हुन्। पूर्वाञ्चल दैनिकका सहयोगी शान नेपालसहित सम्पूर्ण परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

# भद्रपुरमा माओवादी केन्द्र



**भद्रपुर, चैत १४।** नेकपा (माओवादी केन्द्र)को भद्रपुरमा पार्टी कार्यालय स्थापना गरिएको छ। भद्रपुर नगरपालिका-४ स्थित झापा चोकमा माओवादी केन्द्र भद्रपुर नगर कमिटीको पार्टी कार्यालय स्थापना गरिएको हो।

सर्वोच्च अदालते नेकपा एमाले र माओवादी केन्द्र ब्युँताएसँगै भद्रपुरमा पनि माओवादी केन्द्रले पार्टी कार्यालय ब्युँताएको हो। पार्टी कार्यालय स्थापनासँगै समसामयिक राजनीतिक वैचारिक प्रशिक्षण कार्यक्रम समेत सम्पन्न गरिएको छ।

माओवादी केन्द्रका जिल्ला सदस्य नरेश सञ्जेलको अध्यक्षता तथा केन्द्रीय सदस्य एवम् प्रदेश नम्बर १ का सह इञ्चार्ज सावित्रीकुमार काफ्ले (समर)को प्रमुख आतिथ्यमा भएको कार्यक्रममा प्रदेश सांसद पूर्णसिंह राजवंशी, जिल्ला इञ्जार्च मणिकुमार साम्पाङ्ग (विजय), जिल्ला सदस्य डिल्ली घिमिरे (हिक्मत), जिल्ला सदस्य अरुण श्रेष्ठ, युवा संयोजक दधिराम रिमाल, हरि पौडेल, शिवकुमार राजभण्डारी लगायतको सहभागिता रहेको पुकारचन्द्र राजवंशीले जानकारी दिए। त्यस्तै सोही कार्यक्रममा विभिन्न पार्टी परित्याग गरी १२ जनाभन्दा बढी माओवादी केन्द्रमा प्रवेश समेत गरेका थिए।

# संसदीय बैठक अभ्यासको तालिम

**कमल, चैत १४।** कमलनगर जेसीजले बोर्ड सदस्यलाई संसदीय बैठक अभ्यासको तालिम दिएको छ।

नेपाल जेसीजका उपाध्यक्ष सुनिल तिम्सिनाले तालिम प्रदान गरेका थिए। तालिममा दमक जेसीजका अध्यक्ष सुयोग खरेल, गौरादह जेसीजका अध्यक्ष एकराज घिमिरे, पूर्व नेपाल बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष प्रेम सापकोटा, कमलनगर जेसीजका पूर्व अध्यक्ष तथा कमल गाउँपालिका वार्ड नं. १ का अध्यक्ष केदार कटुवाल, कमलनगर जेसीजका निवर्तमान अध्यक्ष हेम दाहाल लगायतको सहभागिता रहेको कमलनगर जेसीजका अध्यक्ष छत्रपति खनाल (गोपाल)ले जानकारी दिए।

# सिलाई-कटाई तालिम

**काँकरभिट्टा, चैत १४।** रोटरी क्लब अफ काँकरभिट्टाको आयोजना तथा मेचीनगर वडा नम्बर ६ को आर्थिक सहयोगमा एक महिने सिलाई-कटाई तालिमको समापन भएको छ।

रोटरी क्लब अफ काँकरभिट्टाका अध्यक्ष कृष्णकान्त खनियाँको अध्यक्षता तथा मेचीनगर नगरपालिकाका प्रमुख आतिथ्यमा भएको कार्यक्रममा वडा नं. ६ का वडाध्यक्ष ललितबहादुर तामाङ, इलाका प्रहरी कार्यालय काँकरभिट्टाका प्रहरी प्रमुख प्रहरी नायव उपरीक्षक सुनिलसिंह दाहाल, प्रशिक्षक यञ्जना घिमिरे, डिष्ट्रीक गर्भनर इलेक्ट सन्तोश रिजाल लगायतले शुभकामना मन्तव्य राखेका थिए।

कार्यक्रममा प्रशिक्षार्थीहरुको तर्फबाट रोश्नी तामाङले आफ्नो अनुभव सुनाएकी थिइन्। कार्यक्रमको सञ्चालन आयोजक संस्थाका सचिव उदयकुमार श्रेष्ठले गरेका थिए।

काँकरभिट्टास्थित सामुदायिक भवनमा भएको तालिममा वडा नं. ६ का १० जना सहभागी थिए। उनीहरुलाई दैनिक चार घण्टा सिलाई-कटाई सम्बन्धि तालिम प्रदान गरिएको कार्यक्रम संयोजक तथा सञ्चालक सुजन प्रधानले बताए।


**Kontrakt Courier**
**Trans Air Courier**

A Complite Solution For Courier & Logistics Service Domestic & International Courier Cargo Service.

Branch Office
Bhadrapur Road, Sanima Bank opposite Birtamode, jhapa (ph: 023-536735)

**सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।**

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
**राजुकुमार श्रेष्ठ**
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्क:
**देवी सिटौला**
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
**मो. ९८०३२५०४७२/९८०१३६४०९३**

## कर्मचारी आवश्यकता

बिर्तामोडस्थित एक होटलका लागि निम्न कर्मचारी तु-आवश्यकता।
कुक : २ जना हेल्पर : २ जना
डिस वासर : १ जना
सम्पर्क: ९८१४०१५१०४, ९८१६०५८४३८, ०२३-५४५४५७

## अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा

बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७७९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६- ९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्दू २:४५ बजे दैनिक सेवा उपलब्ध छ।

अध्यक्ष: गोपाल घिमिरे (९८४२६८४७५६),
बिर्तामोड काउन्टर सीताराम आचार्य: ९८४२६२३१५२

## नन्दिनी प्रशोधन आयोजनाको वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

*प्रकाशित मिति २०७७/१२/१५*

१ नं. प्रदेश झापा जिल्ला दमक नगरपालिकामा नन्दिनी प्रशोधन उद्योगद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नन्दिनी प्रशोधन उद्योग, दमक-४, झापा |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पा. | झापा जिल्ला दमक नपा-४, वडा |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीभित्र के-कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नपा/गापा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित रायसुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित रायसुझाव उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ।

**रायसुझावको लागि पत्राचार गर्ने ठेगाना:**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नन्दिनी प्रशोधन उद्योग, दमक-४, ताराबारी, झापा<br>फोन नं. ९८१६०००६७३ |
| परामर्श दाताको नाम र ठेगाना | ग्रीन मेसन नेपाल, काठमाडौं<br>फोन नं. ९८२५९६२२०२, ९८२५९५९०२० |

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।




सम्पर्क: ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्रवों (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

'चट्ट फोन झट्ट सेवा'



सम्पर्क: ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

## पाथीभरा सिने प्लाजा बिर्तामोड अब खुल्ला

हिन्दी चलचित्र : MUMBAI SAGA
पहिलो शो ११:४५।
दोस्रो शो २:४५।
तेस्रो शो ६:३०।

बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ।
(फोन नं. ०२३-५४६४३६)




## बिर्तामोड नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा (प्रदेश नं. १, नेपाल)

## सूचना ! सूचना !! सूचना !!!

कोभिड-१९ संक्रमणको सम्भावनालाई मध्यनजर गरी DCCMC (District Covid-19 Crisis Management Center) झापाको मिति २०७७।१२।१० निर्णय बमोजिम तपशिल अनुसार गर्न गराउन हुन नगरवासीहरुमा बिर्तामोड नगरपालिका हार्दिक अनुरोध गर्दछ।

**तपशिल**

१) कोभिड-१९ संक्रमणलाई मध्यनजर गर्दै नजिकिँदै गरेको फागू पूर्णिमा (होली पर्व)मा भीडभाड नगर्न नगराउनुहुन।
२) कोभिड-१९ संक्रमणको अवस्था समेत विचार गरी रात्रिकालीन समयमा सञ्चालन हुने व्यवसायको सन्दर्भमा बेलुका ९ बजेसम्म मात्र भीडभाड नहुने व्यवस्था मिलाई स्वास्थ्य सुरक्षा मापदण्डको पालना गरी व्यवसाय सञ्चालन गर्न गराउनुहुन।
३) स्वास्थ्य सुरक्षा मापदण्डको पालना गरी भीडभाडमा जाँदा मास्कको अनिवार्य प्रयोग गर्नुहुन।

**गणेशप्रसाद दाहाल : प्रमुख प्रशासकीय अधिकृत**

## सुरक्षागार्ड चाहियो

पूर्व नेपाल प्रहरी तथा नेपाली सेनामा काम गरी अवकाश प्राप्त केही सुरक्षा गार्डहरु चाहिएको हुँदा काम गर्न इच्छुक व्यक्तिले तु-सम्पर्क राख्नुहोला।
**लेखापाल : १ जना**
**योग्यता : +२ पास (अनुभवी)**

**सेक्टरवान सेक्यूरिटी सर्भिस**
बिर्तामोड, झापा
फोन सम्पर्क :
(९८२४९८२२९६, ९८५२६४१७४०, ९८१७९२६३२२)

## सुवर्ण अवसर ! सुवर्ण अवसर !!

CTEVT बाट सम्बन्धन प्राप्त तथा नेपाल सरकारबाट मान्यता प्राप्त यस सौन्दर्य ब्यूटिपार्लर एण्ड ट्रेनिङ सेन्टरमा रु. १५,०००/- मा ४५ दिने ब्यूटिसियन सम्बन्धी Level-1 (Basic Course) तथा CTEVT Exam सहितको तयारी कक्षा ब्यूटिसियन विज्ञ तथा Assessor बाट सञ्चालन मिति २०७७ साल चैत्र ९ गतेबाट शुरु हुँदैछ। यस अवसर अन्तर्गत (Basic Course) सिक्न र Level-1 को परीक्षा दिन चाहने इच्छुक ब्यूटिसियनहरुले २०७७ चैत्र ७ गतेभित्र सीप परिक्षणको दरखास्त फाराम भर्नका लागि सम्पर्क राख्नुहोला। सिट सिमित छ।

**सौन्दर्य ब्यूटिपार्लर एण्ड ट्रेनिङ सेन्टर,** बिर्तामोड, झापा
फोन : ९८०४९४७२७५, ९८१४९८३२७३




## हाडजोर्नी तथा नसाका विरामीलाई सुवर्ण अवसर काठमाडौंका विशेषज्ञ बिर्तामोडमा

स्पार्क अस्पताल काठमाडौं तथा काठमाडौं न्यूरो अस्पतालका वरिष्ठ डाक्टर अनिलकुमार महतो यही चैत्र ५ गते बिहीबार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोडमा आउँदै हुनुहुन्छ। आफ्नो समस्या जाँच गराइ मौकाको फाइदा लिनुहोस्।

**जाँच हुने समस्याहरु :**
- ढाड, कम्मर, गर्दन, घुँडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको
- शरीर झमझमाउने, लाटो हुने, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको

समय : बिहान ८:०० बजेदेखि ३:०० बजेसम्म

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८५२६७५०३३)




ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
परिवेश उल्लासमय रहे पनि बाध्यतासामु निरीह बन्नुपर्ला। प्रतिष्ठा एवम् लोकाचारका लागि फजुल खर्च बढ्न सक्छ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
सानो त्रुटिले काम दोहोऱ्याउनुपर्ने स्थिति आउन सक्छ। आगन्तुकहरूले अलमल्याउने हुँदा चिताएको काम गर्न नसकिएला।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
काममा विलम्ब भए पनि रमाइलो जमघटमा साथै स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। स्वास्थ्यमा पेटको समस्याले सताउला।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
समयमा होस नपुग्नाले फजुल खर्च बढ्नेछ। काममा अनायासै व्यवधान देखा पर्न सक्छ। खर्च गरेर पनि त्यति फाइदा उठाउन नसकिएला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
आफ्नै कमजोरीले विवाद निम्त्याउन सक्छ। शुभचिन्तकहरूलाई बेवास्ता गर्दा दुःख पाइएला। परिवारजनबाट टाढिनुपर्ने स्थिति आउन सक्छ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
प्रलोभन देखाउनेहरूबाट सजग रहनुहोला। सद्विचारले अभिप्रेरित हुनेहरूलाई फाइदा हुनेछ। मुसुक्क हाँस्नेले भुसुक्क पार्लान्।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -**
धेरै आम्दानी नभए पनि दिगो फाइदा हुने काम शुरु हुनेछ। श्रमको उच्च मूल्यांकन हुनाले आम्दानी बढ्नेछ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
व्यापारमा लाभांश बढ्नाले मन उत्साहित हुनेछ। आवश्यक भौतिक साधन जुट्नेछन्। लगानीका रूपमा सञ्चित धन उपयोग गर्दा लाभ हुनेछ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
अध्ययनमा समय दिन नसकिए पनि नयाँ ज्ञान सिक्ने अवसर प्राप्त हुनेछ। प्रयत्न गर्दा उठ्नुपर्ने रकम हातलागी हुनेछ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
बाध्यतामा अलमलिनुपर्दा चिताएको काममा बाधा आउला। आश्वासन बाँड्नेहरूले झुक्याउनेछन् भने पहिलेका सहयोगीहरू पछि हट्न सक्छन्।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
परिस्थिति त्यति अनुकूल नरहला। अरूका लागि बुद्धि खर्चनुपर्नेछ। उपलब्धिविहीन काममा समय बित्न सक्छ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
पहिल्यैदेखि गरी आएको कामलाई निरन्तरता दिन सकिनेछ। तर, नयाँ काम गर्न समय पर्खनुहोला।